# अर्थ बुलेटिन

वर्ष ७ अंक १० | २०८३ वैशाख

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### सङ्घीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.११ खर्ब ५७ अर्ब ८९ करोडको तुलनामा १.३ प्रतिशतले बढेर रू.११ खर्ब ७३ अर्ब ५२ करोड पुगेको छ। यस अवधिमा चालु खर्च ५.४ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ५.४ प्रतिशत र ७.३ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सङ्घीय खर्च ९.६ प्रतिशतले बढेको थियो।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको वैशाख महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ७१६८७.४७ | ७८६७४.२६ | ७५२५५.७३ | ७७३२२.६७ | ८१४६५.५५ |
| पूँजीगत | ११८२६.९२ | १२५६७.९६ | १११८८.२९ | १२०३७.६४ | ११३८४.९२ |
| वित्तीय व्यवस्था | ७३७१.३७ | १३५३३.८८ | १९२४५.२२ | २६४२८.९४ | २४५०१.५४ |
| **कुल सङ्घीय खर्च** | ९०८८५.७६ | १०४७७६.१० | १०५६८९.२४ | ११५७८९.२५ | ११७३५२.०१ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय,२०८३


२. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वार्षिक विनियोजनको तुलनामा खर्च उपलब्धी ५९.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको वैशाखसम्म खर्च उपलब्धी ६२.२ प्रतिशत रहेको थियो। शीर्षकगत खर्चको रुपमा कुल विनियोजित बजेटमध्ये चालु खर्च ६९.२ प्रतिशत, पुँजीगत खर्च २७.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ६४.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको वैशाखसम्म यस्तो खर्च क्रमशः ६७.८ प्रतिशत, ३४.२ प्रतिशत र ७२.० प्रतिशत रहेको थियो।

**तालिका (ख): आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|
| | कुल खर्च | खर्च प्रतिशत | कुल खर्च | खर्च प्रतिशत |
| चालु | ७७३२२.६७ | ६७.८ | ८१४६५.५५ | ६९.२ |
| पुँजीगत | १२०३७.६४ | ३४.२ | ११३८४.९२ | २७.८ |
| वित्तीय व्यवस्था | २६४२८.९४ | ७२.० | २४५०१.५४ | ६४.८ |
| **कुल खर्च** | ११५७८९.२५ | ६२.२ | ११७३५२.०१ | ५९.७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

**चार्ट (क): पछिल्लो तीन आर्थिक वर्षको वैशाखसम्मको मासिक खर्चको प्रवृत्ति** (रु. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

### प्रमुख आर्थिक झलकहरू

- चालु आर्थिक वर्षको वैशाखसम्म अधिकांश आर्थिक परिसूचकहरु सकरात्मक छन्। सङ्घीय खर्च र राजस्व बढेको छ। सङ्घीय सरकारको बजेट घाटा र वित्त घाटा दुबैमा सुधार भएको छ। राजस्व बचत बढेको छ। विदेशी विनिमय सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेको छ। वित्तीय क्षेत्रका परिसूचक मिश्रित छन्।
- सङ्घीय खर्च बढेपनि पुँजीगत खर्च स्थिति कमजोर रहेको छ। प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वको वृद्धिदर सङ्घीय कर राजस्वको वृद्धिदर भन्दा बढी रहेको छ। सरकारको तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४५.१ प्रतिशत पुगेको छ। ऋण सेवा खर्च उच्च रहेको छ।
- वस्तु आयात र निर्यात दुवै बढेका छन्। विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिको कारण चालु खाता र शोधनान्तर स्थिति दुवै हालसम्मकै उच्च बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति १९.२ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा बढेको छ। यद्यपि, निष्कृय कर्जा अनुपात भने तुलनात्मकरुपमा उच्च छ।
- पर्यटक आगमन बढेपनि भ्रमण आय र भ्रमण व्यय दुवै घटेका छन्। बीमा प्रिमियम सङ्कलन बढेको छ। वैदेशिक लगानी आप्रवाह बढेको छ। अमेरिकी डलरसँग नेपाली रुपैया १०.४ प्रतिशतले अवमूल्यन भएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

३. हरेक आर्थिक वर्षको मासिक खर्चको प्रवृत्ति हेर्दा साउन महिनामा सबैभन्दा न्यून खर्च हुने तथा असोज र चैत महिनामा चालुखर्च अधिक हुने प्रवृत्ति रहेको छ। आर्थिक वर्षको सुरुका महिनाहरुमा पुँजीगत खर्च अत्यन्त न्यून रहने र पछिल्ला महिनामा उच्च हुने प्रवृत्ति रहेको छ। पछिल्ला आर्थिक वर्षहरुमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा पहिलेको तुलनामा उल्लेख्य बढेको देखिन्छ। चालु आर्थिक वर्षको वैशाखसम्मको कुल सङ्घीय खर्चमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा २०.९ प्रतिशत रहेको छ।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको वैशाखसम्मको खर्च संरचना**

(कुल सङ्घीय खर्चको प्रतिशतमा)




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म सरकारको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ८८ अर्ब ५५ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू.८ खर्ब ९३ अर्ब ५६ करोड र गैरकर राजस्व रू.९४ अर्ब ९९ करोड रहेको छ। यस अवधिमा कर राजस्व ७.८ प्रतिशत र गैरकर राजस्व १.६ प्रतिशतले बढेको छ।

५. यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू.९ खर्ब ९४ अर्ब २६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्राप्ति रु.९ खर्ब ३३ अर्ब ६४ करोड रहेको थियो।

६. चालु आर्थिक वर्षको वैशाखसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा ७.४ प्रतिशतले वृद्धि भएको छ भने आयकरको सङ्कलनमा २.३ प्रतिशतले मात्र बढेको छ। चालु आर्थिक वर्षको पहिलो ८ महिनामा आयकरको वृद्धिदर ऋणात्मक रहेको थियो।

७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्क र अन्य राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। अन्य शीर्षकको राजस्व सङ्कलनमा केही कमी आए तापनि समग्र राजस्व सङ्कलन लक्ष्यको ८४.२ प्रतिशत रहेको छ।

८. चालु आर्थिक वर्षको वैशाखसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयकर शीर्षक अन्तर्गतको ब्याज आय सङ्कलन १३.३ प्रतिशतले घटेको छ भने बाँकी अन्य सबै शीर्षककमा राजस्व सङ्कलन बढेको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)

| कर शीर्षक | आर्थिक वर्ष २०८२/८३ को वार्षिक लक्ष्य | वैशाखसम्मको सङ्कलन | | प्रगति प्रतिशत (वार्षिक लक्ष्यको तुलनामा | प्रगति प्रतिशत (वैशाखसम्मको लक्ष्यको तुलनामा | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | | |
| भन्सार महसुल | ३०५५७.०५ | १८४४५.८२ | १९८११.४९ | ६४.८३ | ७९.२४ | ७.४० |
| मूल्य अभिवृद्धि कर | ३९४५९.५२ | २६९६०.१० | २९७९७.०० | ७५.५१ | ९४.७६ | १०.५२ |
| उत्पादन, विक्री, सेवा | १७२७९.८९ | ११३२९.९३ | १२२२१.५२ | ७०.७३ | ९१.६१ | ७.८७ |
| पैठारी | २२१७९.६३ | १५६३०.१७ | १७५७५.४८ | ७९.२४ | ९७.०८ | १२.४५ |
| अन्तःशुल्क | २१३१५.७७ | १४२४१.२५ | १५७९०.७८ | ७४.०८ | ९०.९१ | १०.८८ |
| आन्तरिक उत्पादन | १५२२७.१२ | १०५५८.३० | ११६९९.७८ | ७६.८४ | ९४.०२ | १०.८१ |
| पैठारी | ६०८८.६५ | ३६८२.९५ | ४०९१.०० | ६७.१९ | ८३.०६ | ११.०८ |
| शिक्षा सेवा शुल्क र अन्य | ५२३.१३ | ३३८.०६ | ५२५.७९ | १००.५१ | १२०.७९ | ५५.५३ |
| आयकर | ४०७०२.९२ | २२९०८.९४ | २३४३१.४१ | ५७.५७ | ७४.५५ | २.२८ |
| आयकर | ३५५४४.८८ | २००७९.०७ | २०९७७.२९ | ५९.०२ | ७८.८७ | ४.४७ |
| ब्याज कर | ५१५८.०५ | २८२९.८६ | २४५४.१३ | ४७.५८ | ५०.७९ | -१३.२८ |
| कर राजस्व | १३२५५८.३९ | ८२८९४.१८ | ८९३५६.४८ | ६७.४१ | ८४.५५ | ७.८० |
| गैरकर राजस्व | १५४४१.६१ | ९३४९.०२ | ९४९८.७५ | ६१.५१ | ८१.४४ | १.६० |
| कुल राजस्व | १४८०००.०० | ९२२४३.२० | ९८८५५.२३ | ६६.७९ | ८४.२४ | ७.१७ |
| अन्य प्राप्ति | - | ११२०.९४ | ५७१.२६ | - | - | -४९.०४ |
| जम्मा राजस्व/प्राप्ति | १४८०००.०० | ९३३६४.१४ | ९९४२६.४९ | ६७.१८ | ८४.७३ | ६.४९ |

स्रोतः अर्थ मन्त्रालय, २०८३

४. चालु आर्थिक वर्षको वैशाखसम्म भन्सार विन्दुमा सङ्कलन हुने राजस्व गत आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ७७ अर्ब ५९ करोडको तुलनामा ९.८ प्रतिशतले वृद्धि भई रू.४ खर्ब १४ अर्ब ७८ करोड पुगेको छ। यस अवधिमा आन्तरिकतर्फको कर राजस्व परिचालन ६.१ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ७८ अर्ब ७९ करोड पुगेको छ। गत आर्थिक वर्षको वैशाखसम्म यस्तो सङ्कलन रु.४ खर्ब ५१ अर्ब ३५ करोड रहेको थियो।

**तालिका (घ):वैशाखसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**


| विवरण | आर्थिक वर्ष (वैशाखसम्म) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कर राजस्व | ४२६१२ | ५०७७० | ५८४९० | ५५१८७ | ७०९६२ | ७९९६६ | ६८४६३ | ७४६८३ | ८२८९४ | ८९३५६ |
| गैरकर राजस्व | ३८३० | ५७६३ | ६३७७ | ५४८२ | ५१३८ | ६६०४ | ७१६२ | ८५१० | ९३४९ | ९४९९ |
| **कुल राजस्व** | **४६४४२** | **५६५३३** | **६४८६७** | **६०६७०** | **७६१००** | **८६५७०** | **७५६२५** | **८३१९३** | **९२२४३** | **९८८५५** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३

५. चालु आर्थिक वर्षको वैशाखसम्मको कुल राजस्व सङ्कलनमा कर र गैरकर राजस्वको योगदान क्रमशः ९०.४ प्रतिशत र ९.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको वैशाखसम्म यस्तो योगदान क्रमशः ८९.९ प्रतिशत र १०.१ प्रतिशत रहेको थियो।

६. पछिल्लो दशकको वैशाखसम्मको राजस्व सङ्कलनमध्ये कर राजस्व र गैरकर राजस्वको योगदान औसत क्रमशः ९०.९ प्रतिशत र ९.१ प्रतिशत रहेको छ।


**चार्ट (ग): पछिल्लो १० वर्षको वैशाख महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

७. पछिल्लो १० वर्षको वैशाखसम्मको राजस्व सङ्कलनको स्थिति हेर्दा आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७९/८० बाहेक अन्य आर्थिक वर्ष राजस्व परिचालन क्रमशः बढ्दै गएको छ। यद्यपि चालु आर्थिक वर्ष राजस्व परिचालनको वृद्धिदर तुलात्मकरुपमा न्यून रहेको छ। चालु आर्थिक वर्षको वैशाखसम्म गैरकर राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.६ प्रतिशतले मात्र वृद्धि भएकाले सो को प्रभाव समग्र राजस्व परिचालनमा समेत पर्न गएको छ। यद्यपि, चालु आर्थिक वर्षको पछिल्ला महिनामा भने राजस्व वृद्धिदर क्रमशः बढ्दै गएको छ। पछिल्लो १० आर्थिक वर्षको वैशाखसम्मको वृद्धिदर औसत १२.२ प्रतिशत रहेको छ।

**चार्ट (घ): वैशाखसम्मको राजस्व सङ्कलन संरचना** (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

८. चालू आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म कुल राजस्वमा अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र अन्य कर राजस्वको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकर राजस्वको हिस्सा घटेको छ। भन्सार महसुलको हिस्सा करिब समान छ।

## सङ्घीय कर राजस्व

९. चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारको कर राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब १६ अर्ब ३९ करोडको तुलनामा ७.४ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ६९ अर्ब ७ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको वैशाखसम्मको रू.१ खर्ब १२ अर्ब ५६ करोडको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रू.१ खर्ब २४ अर्ब ४९ करोड पुगेको छ।

१०. चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय कर राजस्व ७.४ प्रतिशतले बढेपनि मुल्य अभिवृद्धि कर १०.५ प्रतिशत र अन्तःशुल्क (आन्तरिक उत्पादन) १०.८ प्रतिशतले बढेकाले प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वको वृद्धिदर तुलनात्मकरुपमा उच्च रहेको छ।

## करको दायरा विस्तार

११. २०८२ वैशाख मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८२ असार मसान्तको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई ७७ लाख ४२ हजार ८१ पुगेको छ। चालु आर्थिक वर्षको वैशाखसम्म ७ लाख ४२ हजार ८ सय ३१ स्थायी लेखा नम्बर लिने करदाता थप भएका छन्। २०८३ वैशाखसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ७४ हजार ४ र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख ३२ हजार ६१ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८२ असारसम्म | चालु आर्थिक वर्षको वैशाखसम्म थप | २०८३ वैशाखसम्म |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०६५८ | ९४१६२ | २१५४८२० |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३५८७० | १३९७ | ३७२६७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | ६४७२७२ | ५५४९९९४ |
| जम्मा स्थायी लेखा नम्बर | ६९९९२५० | ७४२८३१ | ७७४२०८१ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | २२२६९ | ३७४००४ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ७०६४ | १३२०६१ |


स्रोतः आन्तरिक राजस्व विभाग, २०८३

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिबद्धता

१२. चालु आर्थिक वर्षको वैशाखसम्म अनुदान रु.३१ अर्ब ३८ करोड र ऋण रु.७९ अर्ब ९४ करोड गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ६५.२ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ११ अर्ब ३२ करोड रहेको छ। यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये ऋण र अनुदानको अंश क्रमशः ७१.८ प्रतिशत र २८.२ प्रतिशत रहेको छ। यस अवधिमा प्राप्त वैदेशिक सहायता प्रतिबद्धता मध्ये सबैभन्दा बढी सडक पूर्वाधारमा ३७.३ प्रतिशत रहेको छ। त्यसैगरी, जलवायु परिवर्तन अन्तर्गत १७.४ प्रतिशत, सार्वजनिक वित्त १४.२ प्रतिशत, शहरी विकास ११.५ प्रतिशत, ऊर्जा ९.३ प्रतिशत र अन्य १०.२ प्रतिशत रहेको छ।

चार्ट (ङ): चालु आर्थिक वर्षको वैशाखसम्म प्राप्त वैदेशिक सहायता प्रतिबद्धताको क्षेत्रगत स्थिति (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय, २०८३

## सङ्घीय सरकारको वित्त स्थिति

१३. चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय आय ६.० प्रतिशतले वृद्धि भई रु.८ खर्ब ८७ अर्ब ५६ करोड पुगेको छ। गत आर्थिक वर्षको वैशाखसम्म यस्तो आय रु.८ खर्ब ३७ अर्ब २१ करोड रहेको थियो। यस अवधिमा सङ्घीय राजस्व (बाँडफाँट अघिको रोयल्टी सहित) ६.७ प्रतिशतले बढेको छ। सार्वजनिक ऋण परिचालन तुलनात्मक रुपमा घटेको छ।

तालिका (च): सङ्घीय सरकारको वित्त स्थितिको तुलनात्मक विवरण

| विवरण | वैशाखसम्म | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| कुल सरकारी खर्च | ११५७८९.२५ | ११७३५२.०१ | १.३ |
| चालु खर्च | ७७३२२.६७ | ८१४६५.५५ | ५.४ |
| पुँजीगत खर्च | १२०३७.६४ | ११३८४.९२ | -५.४ |
| वित्तीय व्यवस्था | २६४२८.९४ | २४५०१.५४ | -७.३ |
| सङ्घीय राजस्व | ८०९८७.६८ | ८६४०६.१९ | ६.७ |
| कर | ७१६३८.६६ | ७६९०७.४४ | ७.४ |
| गैर कर | ९३४९.०२ | ९४९८.७५ | १.६ |
| वैदेशिक अनुदान | १६११.८९ | १७७८.७६ | १०.४ |
| नगद मौज्दात र बेरूजु | ११२०.९४ | ५७१.२६ | -४९.० |
| **सङ्घीय आय** | **८३७२०.५१** | **८८७५६.२१** | **६.०** |
| आन्तरिक ऋण परिचालन | ३०११४.०६ | २९८६६.६९ | -०.८ |
| वैदेशिक ऋण परिचालन | ८९६८.९८ | ६६४९.४२ | -२५.९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

नोटः सङ्घीय गैरकर राजस्वमा बाँडफाँट अघिको रोयल्टीसहित गणना गरिएकोले पछि यो परिमाणमा केही फरक पर्न सक्नेछ।

१४. चालु आर्थिक वर्षको वैशाखसम्म आन्तरिक ऋण रु.२ खर्ब ९८ अर्ब ६७ करोड र बाह्य ऋण रु.६६ अर्ब ४९ करोड गरी जम्मा रु.३ खर्ब ६५ अर्ब १६ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु.३ खर्ब ९० अर्ब ८३ करोड रहेको थियो।

## वित्त परिसूचक

१५. गत आर्थिक वर्षको वैशाखसम्मको तुलनामा चालु आर्थिक वर्षको वैशाखसम्म वित्त परिसूचकमा सुधार भएको छ। चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारको बजेट घाटा १०.८ प्रतिशतले घटेर रू.२ खर्ब ८५ अर्ब ९६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.३ खर्ब २० अर्ब ६९ करोड रहेको थियो।

तालिका २(छ): सङ्घीय सरकारका वित्त परिसूचकहरु (रु. करोडमा)

| वित्त सन्तुलन | वैशाखसम्म | |
|---|---|---|
| | २०८१/८२ | २०८२/८३ |
| बजेट सन्तुलन | -३२०६८.७४ | -२८५९५.८० |
| राजस्व सन्तुलन | ३६६५.०१ | ४९४०.६४ |
| समग्र वित्त सन्तुलन (अनुदान सहित) | -५६३९.८० | -४०९४.२६ |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

नोटः बाँडफाँट अघिको रोयल्टीसहित गणना गरिएकोले पछि यो परिमाणमा केही फरक पर्न सक्नेछ।


१६. चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारको राजस्व बचत तुलनात्मकरुपमा बढेको छ। गत आर्थिक वर्षको वैशाखसम्म राजस्व सन्तुलन रू.३६ अर्ब ६५ करोडले बचतमा रहेकोमा यस अवधिमा रू.४९ अर्ब ४१ करोडले बचतमा रहेको छ।

१७. चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारको समग्र वित्त घाटामा केही सुधार भएको बढेको छ। गत आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारको समग्र वित्त घाटा रू.५६ अर्ब ४० करोड रहेकोमा यस अवधिमा रू.४० अर्ब ९४ करोड पुगेको छ।

## सार्वजनिक ऋण

१८. २०८३ वैशाखसम्म आन्तरिक ऋण रू.१३ खर्ब ८१ अर्ब २३ करोड र बाह्य ऋण रू.१५ खर्ब ९३ अर्ब ८१ करोड गरी सरकारको सार्वजनिक ऋण रू.२९ खर्ब ७५ अर्ब ४ करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८३ वैशाखमा सरकारको सार्वजनिक ऋण ४२.३ प्रतिशत रहेकोमा २०८३ वैशाखमा ४५.१ प्रतिशत पुगेको छ।

चार्ट (च) : सार्वजनिक ऋणको स्थिति (रु. अर्बमा)




स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

१९. २०८३ वैशाखसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये Special Drawing Right (SDR) अङ्कित ऋण सबैभन्दा बढी ७१.३ प्रतिशत रहेको छ। त्यसैगरी, USD अङ्कित ऋण २१.१ प्रतिशत, जापानीज येन अङ्कित ऋण ३.९ प्रतिशत र चाईनिज यूआन अङ्कित ऋण २.४ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोन अङ्कित ऋण १.३ प्रतिशत रहेको छ।

२०. अमेरिकी डलर र SDR सँग नेपाली रुपैयाँ तीब्रदरले अवमूल्यन भएकाले चालु आर्थिक वर्षको वैशाखसम्म १० महिनाको अवधिमा मात्र विनिमय दर नोक्सानी रु.१ खर्ब ६७ अर्ब ७६ करोड रहेको छ। यस अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १०.४ प्रतिशतले अवमूल्यन भएको छ।

२१. २०८३ वैशाखसम्म तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये जाईका, बेल्जियम, चीन, कुबेत कोष, नर्वेजियन कोष, साउदी कोष लगायतका सरकार/निकायबाट प्राप्त द्विपक्षीय ऋण रु.१ खर्ब ४६ अर्ब ८५ करोड (९.२ प्रतिशत) र एडिबि, आइडिए, आईएमएफ लगायतका बहुपक्षीय निकायबाट प्राप्त ऋण रु.१४ खर्ब ४६ अर्ब ९९ करोड (९०.८ प्रतिशत) रहेको छ।

२२. पछिल्लो एक वर्षको अवधिमा कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको अंश बढेको छ। २०८३ वैशाखसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.४ प्रतिशत र ५३.६ प्रतिशत रहेको छ। २०८२ वैशाखसम्म यस्तो अनुपात क्रमशः ४७.३ प्रतिशत र ५२.७ प्रतिशत रहेको थियो।

२३. चालु आर्थिक वर्षको वैशाखसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु.२ खर्ब ३१ अर्ब ९३ करोड र ब्याजतर्फ रु.६० अर्ब ६० करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु.२ खर्ब ५० अर्ब ७२ करोड र रु.५७ अर्ब ४३ करोड रहेको थियो।

२४. चालु आर्थिक वर्षको वैशाखसम्म सरकारको ऋण सेवा खर्च ५.१ प्रतिशतले सङ्कुचन भई रु.२ खर्ब ९२ अर्ब ५२ करोड रहेको छ, जुन यस अवधिको सङ्घीय सरकारी खर्चको अनुपातमा २४.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सङ्घीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २६.६ प्रतिशत रहेको थियो।

२५. चालु आर्थिक वर्षको वैशाखसम्म वैदेशिक अनुदान रु.१७ अर्ब ७९ करोड र वैदेशिक ऋण रु.६६ अर्ब ४९ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु.८४ अर्ब २८ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.३ प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको वैशाखसम्म वैदेशिक सहायता प्राप्ति रु.१ खर्ब ५ अर्ब ८१ करोड रहेको थियो।

२६. पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८३ वैशाखसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश करिब तीन चौथाई

(७४.७ प्रतिशत) रहेको छ भने ट्रेजरी बिलको अंश २३.९ प्रतिशतमा झरेको छ। त्यसैगरी, अन्य ऋणपत्र (वैदेशिक रोजगार बचतपत्र, नागरिक बचतपत्र र IMF Bond) को अंश १.४ प्रतिशत मात्र रहेको छ।

## वित्तीय क्षेत्र

२७. २०८३ वैशाखसम्म २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्।

२८. चालु आर्थिक वर्षको वैशाखसम्म वित्तीय स्थायित्वका अधिकांश सुचक सूधारोन्मूख रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८२ वैशाखमा ५.२४ प्रतिशत रहेकोमा २०८३ वैशाखमा बढेर ५.६० प्रतिशत पुगेको छ।

२९. वित्तीय पहुँचमा वृद्धि हुँदै गएसँगै बैकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य रूपमा बढेको छ। २०८३ वैशाखमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ६ करोड २७ लाख, कर्जा खाता २० लाख ३७ हजार, मोबाइल बैकिङ्ग सेवा प्रयोगकर्ता ३ करोड ५४ हजार र इन्टरनेट बैकिङ्ग सेवाका प्रयोगकर्ता २४ लाख ३३ हजार रहेको छ। गत आर्थिक वर्षको वैशाखसम्मको तुलनामा चालु आर्थिक वर्षको वैशाखसम्म ३६ लाख ९५ हजार निक्षेप खाता र ८४ हजार कर्जा खाता थप भएका छन्।

३०. चालु आर्थिक वर्षको वैशाखसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप गत आर्थिक वर्षको वैशाखको रु.६८ खर्ब ५२ अर्ब २० करोडको तुलनामा १६.० प्रतिशतले बढेर रु.७९ खर्ब ४९ अर्ब २८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.४ प्रतिशत रहेको थियो।

३१. चालु आर्थिक वर्षको वैशाखसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा गत आर्थिक वर्षको वैशाखको रु.५४ खर्ब ४२ अर्ब ६५ करोडको तुलनामा ६.७ प्रतिशतले बढेर रु.५८ खर्ब ९ अर्ब ७१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ८.४ प्रतिशत रहेको थियो।

**तालिका (ज): वैशाखसम्मका वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरु | २०८१ वैशाख | २०८२ वैशाख | २०८३ वैशाख |
|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा | | | |
| कुल निक्षेप | १०६.८२ | ११०.५२ | १२०.४४ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ८७.१९ | ८७.७९ | ८८.०२ |
| कुल कर्जा लगानीको अनुपातमा | | | |
| निष्कृय कर्जा | ३.९८ | ५.२४ | ५.६० |
| विपन्न क्षेत्र कर्जा | ६.३८ | ५.७४ | ५.२६ |
| वित्तीय पहुँचका परिसूचकहरू | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | ११० | १०७ | १०६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ११५६६ | ११५०५ | ११३५९ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | ५५०.५३ | ५९०.२८ | ६२७.२३ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १८.९२ | १९.५३ | २०.३७ |
| एटिएम (संख्यामा) | ५१६३ | ५२६६ | ५१४३ |
| भारित औसत ब्याजदर | | | |
| निक्षेप | ६.३५ | ४.३७ | ३.३५ |
| कर्जा | १०.३४ | ८.११ | ६.७३ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

३२. २०८३ वैशाखसम्म कुल निक्षेपमा बचत निक्षेप ४६.२ प्रतिशत, मुद्दती निक्षेप ३८.२ प्रतिशत, चल्ती निक्षेप ६.८ प्रतिशत र अन्य निक्षेपको अंश ८.८ प्रतिशत रहेको छ।

### तालिका (झ) :चालु आर्थिक वर्षको वैशाखसम्मका वित्तीय क्षेत्रका चरहरुको मासिक स्थिति

| विवरण | २०८२ असारमसान्त | परिवर्तन (थपघट भएको) | | | | | | | | | | २०८३ वैशाखमसान्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | |
| विस्तृत मुद्राप्रदाय | ७८४५६१ | -५८०० | ८४६९ | २२१६२ | -१३४० | ५३८७ | १३८४९ | ३८१७ | ६३५४ | १०४०७ | ८५१५ | ८५६३७९ |
| निक्षेप सङ्कलन | ७२६३८७ | -५५७९ | ८८६५ | १८५८५ | ३६६ | ५९५२ | १३५५८ | १६२४ | ४८३० | १३३६६ | ६९७४ | ७९४९२८ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ५६२४६९ | १२५७ | ७५१७ | -१३३ | -२७२ | ६४९४ | ६४९२ | ४१०९ | २८९७ | ३६२६ | १५४० | ५९५९९६ |
| बजार पुँजीकरण | ४६५६९९ | -७२ | -१८८९८ | -३०९४० | १०७७९ | १०२४८ | ६६८६ | ४९७६ | २५९९४ | ८८११ | -१७६४० | ४६५६४५ |
| भारित औसत ब्याजदर (वाणिज्य बैंक)-प्रतिशतमा | | | | | | | | | | | | |
| निक्षेप दर | ४.१९ | ४.०२ | ३.९६ | ३.८५ | ३.७४ | ३.६६ | ३.५६ | ३.५१ | ३.४५ | ३.४० | ३.३५ | |
| कर्जा दर | ७.८५ | ७.७६ | ७.६६ | ७.५० | ७.३८ | ७.२६ | ७.१२ | ७.०० | ६.९० | ६.७७ | ६.७३ | |
| आधार दर | ६.०२ | ५.७८ | ५.७२ | ५.५६ | ५.४४ | ५.३८ | ५.२९ | ५.१२ | ५.१० | ५.०६ | ४.९७ | |
| अन्तरबैंक ब्याजदर | २.९२ | २.७५ | २.७५ | २.७५ | २.७५ | २.७४ | २.७५ | २.७५ | २.६९ | २.७५ | २.७५ | |
| पुँजी बजार | | | | | | | | | | | | |
| नेप्से सूचकाङ्क | २७९४.८ | २७८८.४ | २६७२.३ | २४८७.२ | २५४०.६ | २६०१.६ | २६४१.४ | २६७१.१ | २८२०.५ | २८३३.६ | २७३०.२ | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

## बीमा क्षेत्र

३३. २०८३ वैशाखसम्म बीमा कम्पनीको शाखा सङ्ख्या २ हजार ९ सय ९४ रहेको छ। यसमध्ये जीवन बीमाको शाखा सङ्ख्या १ हजार ८ सय ४० र निर्जीवन बीमाको शाखा सङ्ख्या १ हजार १ सय ५४ रहेका छन्। २०८२ वैशाखसम्म यस्तो सङ्ख्या क्रमशः १ हजार ८ सय ४७ र १ हजार १ सय ५१ गरी २ हजार ९ सय ९८ रहेको थियो।


३४. २०८३ वैशाखसम्म जीवन बीमा शुल्क रु.१ खर्ब ५९ अर्ब ९७ करोड र निर्जीवन बीमा शुल्क रु.४१ अर्ब ४० करोड गरी कुल बीमा शुल्क २०८२ वैशाखसम्मको तुलनामा १४.३ प्रतिशतले वृद्धि भई रु.२ खर्ब १ अर्ब ३६ करोड पुगेको छ। २०८३ वैशाखसम्म सक्रिय बीमालेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ६५ लाख २५ हजार ९ सय ४९ र निर्जीवन बीमातर्फको सङ्ख्या २८ लाख ३० हजार ६ सय ५२ रहेको छ।

३५. वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८३ वैशाखसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ५०.६६ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८२ वैशाखसम्म यस्तो पहुँच ४७.३९ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

## पुँजी बजार

३६. २०८३ वैशाख मसान्तमा नेप्से सूचकाङ्क २७३०.१७ विन्दु कायम भएको छ। २०८२ वैशाख मसान्तमा यस्तो सूचकाङ्क २६२०.२७ विन्दु कायम रहेको थियो।


### चार्ट (छ): पछिल्लो ३ दशकको वैशाख मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३

३७. कारोबार भएको पहिलो दिन २०८३ वैशाख २ गते नेप्से सूचकाङ्क महिनाकै उच्च बिन्दुमा अर्थात २८६६.८७ बिन्दु कायम भएको थियो। महिनाको अन्तिम कारोबार भएको अन्तिम दिन वैशाख ३१ गते २७३०.१७ बिन्दु कायम भएको छ। २०८३ वैशाख २१ गते नेप्से सूचकाङ्क महिनाकै सबैभन्दा न्यून २७०४.०८ बिन्दुमा झरेको थियो। २०८३ वैशाखमा पुँजी बजारमा जम्मा २१ दिन मात्र धितोपत्र कारोबार भएको थियो।

चार्ट (ज): २०८३ वैशाख महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३

## समग्र मूल्य स्थिति

३८. चालु आर्थिक वर्षको वैशाखसम्म औसत उपभोक्ता मुद्रास्फीति २.६६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.३९ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा, २०८३ वैशाखमा उपभोक्ता मुद्रास्फीति ५.०४ प्रतिशत रहेको छ। २०८२ वैशाखमा यस्तो मुद्रास्फीति २.७७ प्रतिशत रहेको थियो।

चार्ट (झ): पछिल्लो ७ वर्षको वैशाख महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३

३९. वार्षिक विन्दुगत आधारमा २०८३ वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.६३ प्रतिशत रहेको छ। यस्तो मुद्रास्फीति २०८२ वैशाखमा १.५२ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ वैशाखमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.२६ प्रतिशत रहेको छ। २०८२ वैशाखमा यस्तो मुद्रास्फीति ३.४५ प्रतिशत रहेको थियो।

४०. वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति २०८३ वैशाखमा ५.९६ प्रतिशत रहेको छ। २०८२ वैशाखमा यस्तो मुद्रास्फीति ३.९५ प्रतिशत रहेको थियो।


**तालिका (ञ) : चालु आर्थिक वर्षको मासिक समग्र मूल्य स्थिति** (प्रतिशतमा)

| महिना | उपभोक्ता मुद्रास्फीति | | | थोक मुद्रास्फीति | राष्ट्रिय तलब तथा ज्यालदर सूचकाङ्क |
|---|---|---|---|---|---|
| | कुल | खाद्यर पेय पदार्थ | गैरखाद्य तथा सेवा क्षेत्र | | |
| साउन | १.६८ | -२.२८ | ३.९५ | २.३७ | |
| भदौ | १.८७ | -१.३४ | ३.७० | २.१० | ४.३५ |
| असोज | १.४७ | -२.५४ | ३.८० | १.३२ | |
| कार्तिक | १.११ | -३.३२ | ३.६९ | २.६५ | |
| मंसिर | १.६३ | -२.०५ | ३.७५ | २.७८ | ५.८५ |
| पुस | २.४२ | -०.०९ | ३.८१ | ५.१७ | |
| माघ | ३.२५ | २.५० | ३.६६ | ६.२१ | |
| फागुन | ३.६२ | ३.६० | ३.६३ | ३.६४ | ६.३० |
| चैत | ४.४७ | ४.०१ | ४.७२ | ३.९२ | |
| वैशाख | ५.०४ | ४.६३ | ५.२६ | ५.९६ | |
| **औसत** | **२.६६** | **०.३१** | **४.००** | **३.६१** | **५.५०** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

४१. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रयमासमा तलब तथा ज्याला सूचकाङ्क ६.३० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही त्रयमासमा उक्त सूचकाङ्क २.६० प्रतिशतले बढेको थियो।

**चार्ट (ञ): मासिकरुपमा उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति**




स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

४२. अन्तर्राष्ट्रिय बजारमा २०८२ वैशाख मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६५.९१ रहेको कच्चा पेट्रोलियमको मूल्य ६८.३ प्रतिशतले वृद्धि भई २०८३ वैशाख मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ११०.९१ कायम भएको छ। यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८२ वैशाख मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ३१९१.९५ रहेकोमा २०८३ वैशाख मसान्तमा ४६.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४६८३.०५ पुगेको छ।

**तालिका (ट): पछिल्लो ७ आर्थिक वर्षको वैशाखसम्मको समग्र मूल्य स्थिति**

| विवरण | वैशाखसम्म / वैशाख महिनाको | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| उपभोक्ता मुद्रास्फीति (वैशाख महिनाको) | ५.८३ | ३.६५ | ७.८७ | ७.४१ | ४.४० | २.७७ | ५.०४ |
| खाद्य तथा पेय पदार्थ | ८.८७ | ४.६९ | ७.११ | ४.८४ | ६.४१ | १.५२ | ४.६३ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ३.८६ | २.९६ | ८.३७ | ९.१४ | ३.०९ | ३.४५ | ५.२६ |
| उपभोक्ता मुद्रास्फीति (१० महिनाको औसत) | ६.४६ | ३.४८ | ५.९४ | ७.८६ | ५.७६ | ४.३९ | २.६६ |
| खाद्य तथा पेय पदार्थ | ९.०२ | ४.९७ | ५.११ | ६.०१ | ६.८१ | ५.७४ | ०.३१ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.८२ | २.५१ | ६.४७ | ९.११ | ५.०८ | ३.६४ | ४.०० |
| थोक मुद्रास्फीति (वैशाख महिनाको) | ५.१६ | ८.०५ | १६.०६ | ३.३१ | ५.६८ | ३.९५ | ५.९६ |
| थोक मुद्रास्फीति (१० महिनाको औसत) | ७.३० | ७.४१ | ८.७१ | ९.५० | ३.७१ | ४.३७ | ३.६१ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

## वस्तु निकासी

४३. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वस्तु निर्यात १४.२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ९६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ७२.७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब १७ अर्ब ९१ करोड पुगेको थियो। चालु आर्थिक वर्षको वैशाखसम्म भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः १६.१ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ४१.७ प्रतिशतले कमी आएको छ।

४४. चालु आर्थिक वर्षको वैशाखसम्म भटमासको तेल, अलैंची, पाम तेल, जुटका बुनिएका कपडा, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने चिया, पार्टिकल बोर्ड, जुस, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ।

**तालिका (ठ): वैशाखसम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | वैशाखसम्म | | | कुल निर्यातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| भट्मासको तेल (प्रशोधित) | ८६.०९ | ७८७५.६६ | १०१२६.८८ | ४०.७ | ९०४८.६ | २८.६ |
| अलैंची | ६९१.५२ | ६६६.२५ | ११४१.३७ | ४.६ | -३.७ | ७१.३ |
| पोलिष्टर यार्न र धागो | ९०५.५५ | ११०१.२४ | ११३५.२३ | ४.६ | २१.६ | ३.१ |
| उनी गलैचा कार्पेट | ८७९.७९ | ८८४.३६ | ८४८.०३ | ३.४ | ०.५ | -४.१ |
| जुटका बुनिएका कपडा | ५७४.३४ | ६६५.३३ | ७६९.३३ | ३.१ | १५.८ | १५.६ |
| पाम तेल (प्रशोधित) | ६३१.८२ | १९३.२७ | ६६०.९८ | २.७ | -६९.४ | २४२.० |
| जुस | ७१३.८७ | ६६१.४८ | ६४३.४२ | २.६ | -७.३ | -२.७ |
| तयारी कपडा | ५२५.७६ | ४६३.८७ | ५१९.८७ | २.१ | -११.८ | १२.१ |
| पार्टिकल बोर्ड | ५९९.६४ | ६१९.०१ | ४४८.१५ | १.८ | ३.२ | -२७.६ |
| चिया | २८९.०२ | ३९६.३६ | ३३०.९१ | १.३ | ३७.१ | -१६.५ |
| अन्य | ६७१९.८८ | ८२६४.२७ | ८२७२.०९ | ३३.२ | २३.० | ०.१ |
| **कुल निर्यात** | **१२६१७.३** | **२१७९१.१** | **२४८९६.३** | **१००.०** | **७२.७** | **१४.२** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

४५. चालु आर्थिक वर्षको वैशाखसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ८२.१ प्रतिशत, ०.६ प्रतिशत र १७.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८०.८ प्रतिशत, १.१ प्रतिशत र १८.१ प्रतिशत रहेको थियो।

४६. चालु आर्थिक वर्षको वैशाखसम्म निकासी भएका प्रमुख वस्तुमा भटमासको तेल (प्रशोधित) को अंश करिव ४०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको निकासीमध्ये उक्त तेलको अंश ३६.१ प्रतिशत रहेको थियो। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुको हिस्सा कुल निकासीको ६६.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको कुल निकासीमा हिस्सा ६२.१ प्रतिशत रहेको थियो।

## वस्तु पैठारी

४७. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वस्तु आयात १४.८ प्रतिशतले वृद्धि भई रु.१६ खर्ब ९२ अर्ब ६४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १३.१ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको वैशाखसम्म भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १०.६ प्रतिशत, २१.४ प्रतिशत र २०.७ प्रतिशतले बढेको छ।

४८. चालु आर्थिक वर्षको वैशाखसम्म भटमासको कच्चा तेल, रासायनिक मल, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, दूरसञ्चारका उपकरण तथा पाट्र्सलगायतका वस्तुको आयात बढेको छ भने औषधी, खाने तेल, लसुन, दाल, एम.एस.तार लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा आयात भएको पेट्रोलियम पदार्थको अंश कुल आयातको १५.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश १५.९ प्रतिशत रहेको थियो।

तालिका (ड) : वैशाखसम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रू. करोडमा)

| विवरण | वैशाखसम्म | | | कुल आयातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| पेट्रोलियम पदार्थ | २४५७५.५० | २३४४१.९३ | २६७६८.६२ | १५.८ | -४.६ | १४.२ |
| भट्मासको तेल (कच्चा) | ११५२.५५ | ८०९४.०१ | १००६०.३९ | ५.९ | ६०२.३ | २४.३ |
| यातायातका उपकरण, साधन र पार्टस् | ६४२४.४३ | ७५३५.४६ | ९८६८.९३ | ५.८ | १७.३ | ३१.० |
| अन्य उपकरण र पार्टस् | ६१९४.९३ | ६६१७.२३ | ७८८९.२९ | ४.७ | ६.८ | १९.२ |
| रासायानिक मल | २५५५.७३ | २४३१.७७ | ४९२९.२२ | २.९ | -४.९ | १०२.७ |
| स्पोन्ज फलाम | ३१३१.३५ | ४१४९.९३ | ४८०५.२२ | २.८ | ३२.५ | १५.८ |
| दुरसञ्चारका उपकरण र पार्टस | ३१११.०४ | ३५३९.४८ | ४७६१.३९ | २.८ | १३.८ | ३४.५ |
| औषधी | ३७०८.३२ | ३८६४.२० | ३८२४.५२ | २.३ | ४.२ | -१.० |
| धान/चामल | १९३८.७१ | ३५१८.०० | ३५२३.६० | २.१ | ८१.५ | ०.२ |
| तयारी कपडा | २८७९.६७ | ३४०६.२५ | ३४६४.८२ | २.० | १८.३ | १.७ |
| अन्य आयात | ७४६६३.५० | ८०८२०.५८ | ८९३६८.२६ | ५२.८ | ८.२ | १०.६ |
| **कुल आयात** | **१३०३३५.७०** | **१४७४१८.८३** | **१६९२६४.२६** | **१००.०** | **१३.१** | **१४.८** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३


४९. यस अवधिमा आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा हिस्सा ४७.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको आयातमा हिस्सा ४५.२ प्रतिशत रहेको थियो।

५०. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ५७.६ प्रतिशत, १९.९ प्रतिशत र २२.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५९.७ प्रतिशत, १८.८ प्रतिशत र २१.५ प्रतिशत रहेको थियो।

## व्यापार सन्तुलन र कुल व्यापार

५१. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वस्तु व्यापार घाटा १४.९ प्रतिशतले वृद्धि भई रु.१४ खर्ब ४३ अर्ब ६८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ६.७ प्रतिशतले बढेको थियो। यस अवधिमा निर्यात-आयात अनुपात १४.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १४.८ प्रतिशत पुगेको थियो।

चार्ट (ट): पछिल्लो दशकको वैशाखसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)





स्रोतः भन्सार विभाग, २०८३

५२. वैशाखसम्मको व्यापार घाटाको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०८०/८१ देखि वस्तु व्यापार घाटा क्रमशः बढ्दै गएको छ। पछिल्लो दशकको वैशाखसम्मको व्यापार घाटाको प्रवृत्ति हेर्दा सबैभन्दा बढी आर्थिक वर्ष २०७८/७९ मा रु.१४ खर्ब ३१ अर्ब रहेको थियो।

५३. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वैदेशिक व्यापार १४.७ प्रतिशतले बढेर रु.१९ खर्ब ४१ अर्ब ६१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार १८.४ प्रतिशतले बढेर रु.१६ खर्ब ९२ अर्ब १० करोड रहेको थियो।

चार्ट (ठ) : पछिल्लो दशकको वैशाखसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८३

५४. चालु आर्थिक वर्षको वैशाखसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.८ प्रतिशत र ८७.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश १२.९ प्रतिशत र ८७.१ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

५५. आर्थिक वर्ष २०८१/८२ को वैशाखसम्म कुल सेवा आय रू.१ खर्ब ९७ अर्ब ३१ करोडको रहेकोमा चालु आर्थिक वर्षको वैशाखसम्म १२.८ प्रतिशतले वृद्धि भई रू.२ खर्ब २२ अर्ब ४८ करोड पुगेको छ। साथै, यस अवधिमा कुल सेवा खर्च गत आर्थिक वर्षको रु.२ खर्ब ६९ अर्ब ४८ करोडको तुलनामा ७.९ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ९० अर्ब ७० करोड पुगेको छ।

५६. खुद सेवा आय गत आर्थिक वर्षको वैशाखसम्म रू.७२ अर्ब १८ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको वैशाखसम्म रु.६८ अर्ब २२ करोडले घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

५७. आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको वैशाखसम्मको रू.१३ खर्ब ५७ अर्ब ८४ करोडको तुलनामा ४१.२ प्रतिशतले वृद्धि भई रू.१९ खर्ब १६ अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह १३.३ प्रतिशतले बढेको थियो। यस अवधिमा वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ३ लाख ३५ हजार ५ सय १० र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ३ लाख २६ हजार ३ सय ६४ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

५८. चालु आर्थिक वर्षको वैशाखसम्म चालु खाता रु.७ खर्ब २९ अर्ब २८ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.२ खर्ब ७२ अर्ब ५३ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब १ करोडले बचतमा रहेको चालु खाता चालु आर्थिक वर्षको वैशाखसम्म ५ अर्ब ५ करोडले बचतमा रहेको छ।

५९. चालु आर्थिक वर्षको वैशाखसम्म शोधनान्तर स्थिति रु.८ खर्ब ६३ अर्ब ५६ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.४ खर्ब ३८ अर्ब ५२ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा ३ अर्ब २३ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको वैशाखसम्म ५ अर्ब ९८ करोडले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

६०. २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति ३८.३ प्रतिशतले वृद्धि भई २०८३ वैशाख मसान्तमा रु.३७ खर्ब ४ अर्ब ५५ करोड पुगेको छ। यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड अमेरिकी डलरमा रहेकोमा २०८३ वैशाख मसान्तमा २४.० प्रतिशतले वृद्धि भई २४ अर्ब १९ करोड अमेरिकी डलर पुगेको छ।

६१. चालु आर्थिक वर्षको वैशाखसम्मको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २२.६ महिनाको वस्तु आयात र १९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

## वैदेशिक लगानी आप्रवाह

६२. चालु आर्थिक वर्षको वैशाखसम्म कुल प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह ६०.२ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ९६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रु.१० अर्ब ५८ करोड रहेको थियो।

६३. चालु आर्थिक वर्षको वैशाखसम्म विदेशी लगानीकर्ताले लगानी/लाभांश बापत रु.५ अर्ब ८३ करोड फिर्ता लगेका छन्। गत आथिक वर्षको सोही अवधिमा यस्तो रकम रु.४ अर्ब ६८ करोड रहेको थियो।

६४. चालु आर्थिक वर्षको वैशाखसम्म खुद वैदेशिक लगानी ८८.६ प्रतिशतले बढेर रु.११ अर्ब १२ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.५ अर्ब ९० करोड रहेको थियो।

## विनिमय दर

६५. २०८२ असार मसान्तको तुलनामा २०८३ वैशाख मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १०.४ प्रतिशतले अवमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.१ प्रतिशतले अवमूल्यन भएको थियो। २०८३ वैशाख मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५२.८४ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो।

### तालिका (ढ): चालु आर्थिक वर्षको वैशाखसम्म बाह्य क्षेत्रका चरको मासिक स्थिति

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यात (रु.करोडमा) | २३९३ | २३३९ | २५४७ | २०७१ | २३०१ | २५५१ | २६१३ | २२९७ | ३१८२ | २६०३ | २४८९६ |
| आयात (रु.करोडमा) | १४३०४ | १६२११ | १६२९३ | १४१३७ | १५६७४ | १७२८३ | १८४४६ | १६५७६ | २०१२५ | २०२१४ | १६९२६४ |
| व्यापार घाटा (रु.करोडमा) | ११९११ | १३८७३ | १३७४६ | १२०६५ | १३३७२ | १४७३२ | १५८३४ | १४२८० | १६९४२ | १७६१२ | १४४३६८ |
| कुल व्यापार (रु.करोडमा) | १६६९७ | १८५५० | १८८३९ | १६२०८ | १७९७५ | १९८३४ | २१०५९ | १८८७३ | २३३०७ | २२८१७ | १९४१६१ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | १७७४१ | १७४६७ | २०१२२ | १३३८२ | १८३१८ | १९२६२ | १९८०८ | १८८६४ | २०९७५ | २५७४९ | १९१६९० |
| चालु खाता सन्तुलन (रु.करोडमा) | ७८१४ | ५२५५ | १०६९० | ४२०६ | ७९१८ | ७१०८ | ६३८७ | ५९०६ | ६५८४ | ११०६० | ७२९२८ |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ८९३० | ६४३८ | ११०३४ | ५४३७ | १०३५० | ७९३४ | ७१४९ | ८५६२ | ७२८१ | १३२४० | ८६३५६ |
| थप विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १२८३५ | ७५३२ | ९८४५ | ७५७१ | १४५९६ | ४०९७ | ६०२१ | ११११९ | ८०९६ | २०९८२ | १०२६८७ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | १६.६ | १६.० | १६.४ | १७.४ | १८.२ | १८.१ | १८.० | १८.५ | १८.४ | १९.२ | |
| पर्यटक आगमन (सङ्ख्यामा) | ८८६८० | ७८७११ | १२८४४३ | ११६५५३ | ९८१९० | ९२५७३ | १०५४४१ | १२०५१६ | १०७९३४ | १०२६२६ | १०३९६६७ |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ४४४६६ | ४५७३२ | ३३२६१ | २२५१४ | २९६१८ | ३१७५० | ३७८१२ | २८३८३ | २०६५० | ४१३२४ | ३३५५१० |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २३६४४ | २२२४० | ३१३७३ | ५०५८० | ३६०८७ | ३०८०९ | ३२६९१ | २४५६१ | ४१२७४ | ३३१०५ | ३२६३६४ |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा) | ६१ | ५२ | ५ | ७५ | ४८६ | -४३१ | २०२ | ६१ | ३६८ | २३४ | १११३ |
| विनिमय दर (अमेरिकी डलर १ = … रुपैंया) | १३९.७९ | १४०.८४ | १४०.२२ | १४१.७० | १४४.३७ | १४४.०१ | १४४.८३ | १४७.६४ | १४८.०७ | १५२.८४ | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

## पर्यटक आगमन र भ्रमण आय

६६. सन् २०२५ अगष्ट महिना देखि सन् २०२६ को मे महिनासम्म १० महिनाको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई १० लाख ३९ हजार ६ सय ६७ पुगेको छ। सन् २०२४ अगष्ट महिना देखि सन् २०२५ को मे महिनासम्म यस्तो सङ्ख्या १० लाख १ हजार २ सय १६ रहेको थियो। सन् २०२६ को पहिलो ५ महिनामा ५ लाख २९ हजार ९० पर्यटक नेपाल भित्रिएका छन्। सन् २०२५ को सोही अवधिमा यस्तो सङ्ख्या ५ लाख १ हजार २ सय ६४ रहेको थियो।

६७. भ्रमण आय र खर्च दुबैमा सामान्य कमी आएको छ। चालु आर्थिक वर्षको वैशाखसम्म पर्यटनबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको रु.७५ अर्ब ८३ करोडको तुलनामा २.२ प्रतिशतले सङ्कुचन भई रु.७४ अर्ब १८ करोड रहेको छ। यस अवधिमा भ्रमण खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.१ खर्ब ८४ अर्ब २२ करोडको तुलनामा ३.४ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ७७ अर्ब ७९ करोड रहेको छ।

## तालिका (ण): बाह्य क्षेत्रका चरको प्रवृत्ति

| विवरण | वैशाखसम्म / वैशाख मसान्त | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| निर्यात (रु.करोडमा) | ६१०२ | ६६०६ | ७८५३ | ८२०६ | १०८४८ | १७३३५ | १३०९० | १२६१७ | २१७९१ | २४८९६ |
| आयात (रु.करोडमा) | ८०८६८ | ९८५०० | ११७८१४ | १०२५१४ | १२५४११ | १६०४६५ | १३३५३२ | १३०३३६ | १४७४१९ | १६९२६४ |
| व्यापार घाटा (रु.करोडमा) | ७४७६५ | ९१८९४ | १०९९६० | ९४३०७ | ११४५६३ | १४३१३० | १२०४४२ | ११७७१८ | १२५६२८ | १४४३६८ |
| कुल व्यापार (रु.करोडमा) | ८६९७० | १०५१०६ | १२५६६७ | ११०७२० | १३६२५९ | १७७८०० | १४६६२२ | १४२९५३ | १६९२१० | १९४१६१ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | ५६६९७ | ६०६६८ | ७२५३९ | ६७९६८ | ८१०२६ | ८१४५३ | १०२५३१ | ११९८६३ | १३५७८४ | १९१६९० |
| चालु खाता सन्तुलन (रु.करोडमा) | -७५७ | -१९१६२ | -२२२६२ | -९६१८ | -२५१२९ | -५४५०६ | -३८२१ | १९३२८ | २७२५३ | ७२९२८ |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ५३८१ | -१८९३ | -६८२० | १२०९० | ७७५ | -२९२२४ | २०९४९ | ३९२६४ | ४३८५२ | ८६३५६ |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १०५८२१ | १०७२८५ | १०६०७० | १२३५२५ | १३९०८४ | ११४६८८ | १४७०३३ | १९४२४० | २५१२९५ | ३७०४५५ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | ११.४ | ९.६ | ८.० | १०.८ | १०.३ | ६.६ | ९.६ | १२.६ | १४.७ | १९.२ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ७८३९८६ | ८९२५२९ | १०७८५५२ | ७७३३३० | ६५९८९ | २८२७२८ | ७३३०१६ | ९८६९४९ | १००१२१६ | १०३९६६७ |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ३३४९९२ | २२४१२८ | १९९२७४ | ३५९७५८ | ६१२२४ | २७८२९८ | ४२१२७९ | ३७३३०७ | ४०५६१० | ३३५५१० |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २२५०४४ | २३२५१० | २३२६७६ | ९६७३ | ८०७३१ | २३०४६६ | २३८९७६ | २३६३९८ | २८०३१४ | ३२६३६४ |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा) | ११६१ | १५५१ | ९४७ | १७४३ | १४०८ | १६६५ | ४५६ | ६९८ | ५९० | १११३ |
| विनिमय दर (अमेरिकी डलर १ = ... रुपैंया) | १०२.६१ | १०७.४३ | ११२.५६ | १२०.५१ | ११७.१८ | १२३.६३ | १३१.१७ | १३३.३१ | १३६.२४ | १५२.८४ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

# अनुसूचीहरु

## अनुसूची १: चालु आर्थिक वर्षको वैशाखसम्मको सार्वजनिक ऋणको मासिक स्थिति (रु.करोडमा)

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | २०८३ वैशाखसम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तिर्न बाँकी सार्वजनिक ऋण | २६८८१६ | २७४५०७ | २७२७३४ | २७३२५६ | २७९१५४ | २८०६४० | २८५९११ | २८७८७० | २९३४९२ | २९७५०४ | २९७५०४ |
| आन्तरिक ऋण | १२८११२ | १२८१८२ | १२७८०७ | १२७५९६ | १३०१६३ | १३१९१३ | १३४९१३ | १३४८१२ | १३८८१२ | १३८१२३ | १३८१२३ |
| बाह्य ऋण | १४०७०४ | १४६३२४ | १४४९२६ | १४५६६० | १४८९९१ | १४८७२७ | १५०९९८ | १५३०५९ | १५४६८१ | १५९३८१ | १५९३८१ |
| विनिमय दर नाफा(-)/घाटा(+) | ० | ५५२४ | -१४९७ | ३९६ | ३३४४ | -६९९ | २२२९ | ५०१ | १७७८ | ५२०० | १६७७६ |
| कुल सार्वजनिक ऋण परिचालन | ४४६७ | ३६१९ | २३४१ | ३८३७ | ३५४९ | ३६४३ | ४१०६ | ४५२५ | ४८४१ | १५८८ | ३६५१६ |
| आन्तरिक ऋण | ४००० | ३००० | २००० | ३००० | २७६७ | ३००० | ४००० | २६०० | ४००० | १५०० | २९८६७ |
| बाह्य ऋण | ४६७ | ६१९ | ३४१ | ८३७ | ७८२ | ६४३ | १०६ | १९२५ | ८४१ | ८८ | ६६४९ |
| साँवा भुक्तानी | ३०५५ | ३४५२ | २६१७ | ३७११ | ९९६ | १४५९ | १०६३ | ३०६८ | ९९७ | २७७६ | २३१९३ |
| आन्तरिक ऋण | २७१० | २९३० | २३७५ | ३२११ | २०० | १२५० | १००० | २७०२ | ० | २१८९ | १८५६७ |
| बाह्य ऋण | ३४५ | ५२२ | २४२ | ५०० | ७९६ | २०९ | ६३ | ३६६ | ९९७ | ५८७ | ४६२६ |
| खुद सार्वजनिक ऋण परिचालन | १४१२ | १६७ | -२७६ | १२६ | २५५४ | २१८५ | ३०४३ | १४५७ | ३८४५ | -११८८ | १३३२४ |
| आन्तरिक ऋण | १२९० | ७० | -३७५ | -२११ | २५६७ | १७५० | ३००० | -१०२ | ४००० | -६८९ | ११३०० |
| बाह्य ऋण | १२२ | ९७ | ९९ | ३३७ | -१३ | ४३५ | ४३ | १५५९ | -१५५ | -४९९ | २०२३ |
| ब्याज भुक्तानी | ६४८ | ७४८ | ५४३ | ३८९ | ५४३ | ५५२ | ५९० | ७९३ | ६२१ | ६३२ | ६०६० |
| आन्तरिक ऋण | ५४९ | ६१४ | ४६३ | ३१४ | ४०२ | ४९६ | ५४७ | ७१८ | ४५८ | ४९३ | ५०५३ |
| बाह्य ऋण | १०० | १३३ | ७९ | ७६ | १४१ | ५७ | ४३ | ७६ | १६३ | १३९ | १००७ |
| कुल ऋण सेवा खर्च | ३७०३ | ४२०० | ३१६० | ४१०० | १५३९ | २०११ | १६५३ | ३८६१ | १६१८ | ३४०८ | २९२५२ |
| आन्तरिक ऋण | ३२५९ | ३५४४ | २८३८ | ३५२५ | ६०२ | १७४६ | १५४७ | ३४१९ | ४५८ | २६८२ | २३६२० |
| बाह्य ऋण | ४४५ | ६५५ | ३२२ | ५७५ | ९३६ | २६६ | १०५ | ४४२ | ११६० | ७२६ | ५६३३ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

## अनुसूची २: पछिल्लो ४ आर्थिक वर्षको वैशाखसम्मको सार्वजनिक ऋणको प्रवृत्ति

| विवरण | वैशाखसम्म (रु.करोडमा) | | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| तिर्न बाँकी सार्वजनिक ऋण | २१३४३२.४९ | २३९७४३.१६ | २६२२४०.३७ | २९७५०४.०१ | ९.३८ | १३.४५ |
| आन्तरिक ऋण | १०६३६७.५९ | ११८४४८.०४ | १२६६७०.४५ | १३८१२२.५७ | ६.९४ | ९.०४ |
| वैदेशिक ऋण | १०७०६४.९० | १२१२९५.१२ | १३५५६९.९२ | १५९३८१.४४ | ११.७७ | १७.५६ |
| सार्वजनिक ऋण परिचालन | २५०४४.७७ | २६४६३.३६ | ३९०८३.०४ | ३६५१६.११ | ४७.६९ | -६.५७ |
| आन्तरिक ऋण | १७९७०.१० | १९१००.०० | ३०११४.०६ | २९८६६.६९ | ५७.६७ | -०.८२ |
| वैदेशिक ऋण | ७०७४.६७ | ७३६३.३६ | ८९६८.९८ | ६६४९.४२ | २१.८१ | -२५.८६ |
| सावाँ भुक्तानी | १२९४१.९२ | १६६५५.४४ | २५०७१.८९ | २३१९२.५२ | ५०.५३ | -७.५० |
| आन्तरिक ऋण | १०३४७.४४ | १३५६२.३३ | २१५३३.७९ | १८५६६.५३ | ५८.७८ | -१३.७८ |
| वैदेशिक ऋण | २५९४.४८ | ३०९३.११ | ३५३८.१० | ४६२५.९९ | १४.३९ | ३०.७५ |
| ब्याज भुक्तानी | ५४००.२८ | ६६७२.०६ | ५७४२.७५ | ६०५९.७१ | -१३.९३ | ५.५२ |
| आन्तरिक ऋण | ४६९५.१४ | ५९०५.७१ | ५०३३.६० | ५०५२.९८ | -१४.७७ | ०.३९ |
| वैदेशिक ऋण | ७०५.१४ | ७६६.३५ | ७०९.१५ | १००६.७३ | -७.४६ | ४१.९६ |
| ऋण सेवा खर्च | १८३४२.२० | २३३२७.५० | ३०८१४.६४ | २९२५२.२३ | ३२.१० | -५.०७ |
| आन्तरिक ऋण | १५०४२.५८ | १९४६८.०४ | २६५६७.३९ | २३६१९.५१ | ३६.४७ | -११.१० |
| वैदेशिक ऋण | ३२९९.६२ | ३८५९.४६ | ४२४७.२५ | ५६३२.७२ | १०.०५ | ३२.६२ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३

### अनुसूची ३: चालु आर्थिक वर्षको वैशाखसम्मको राजस्व सङ्कलनको मासिक स्थिति (रु. करोडमा)

| महिना | कर राजस्व | गैरकर राजस्व | राजस्व |
|---|---|---|---|
| साउन | ८०६७.०७ | ३७९.५० | ८४४६.५७ |
| भदौ | ६९७३.०६ | ३३३.७१ | ७३०६.७७ |
| असोज | ८३९२.६७ | ७५९.१३ | ९१५१.८० |
| कार्तिक | ७२५६.४१ | ४९३.४७ | ७७४९.८८ |
| मंसिर | ७५३३.८९ | ४४१.४६ | ७९७५.३५ |
| पुस | १३३८८.४१ | ३७२१.२१ | १७१०९.६२ |
| माघ | ८३१९.९५ | ४४२.५५ | ८७६२.५० |
| फागुन | ७७२७.११ | ४९८.४५ | ८२२५.५६ |
| चैत | १२२१८.६२ | १६८१.६९ | १३९००.३१ |
| वैशाख | ९४७९.२८ | ७४७.५८ | १०२२६.८६ |
| जम्मा | ८९३५६.४७ | ९४९८.७५ | ९८८५५.२२ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३

### अनुसूची ४: चालु आर्थिक वर्षको वैशाखसम्मको सङ्घीय खर्चको मासिक स्थिति (रु. करोडमा)

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल सङ्घीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.०३९ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.११४ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.१५७ |
| कार्तिक | ६४१८.६२ | ६१३.०० | ३३९८.३८ | १०४३०.०० | ०.०८९ |
| मंसिर | ७७०५.५० | ८५६.०९ | ९९५.५९ | ९५५७.१८ | ०.०८१ |
| पुस | ८९०९.५९ | १५५५.११ | २११०.७२ | १२५७५.४२ | ०.१०७ |
| माघ | ७५२२.८४ | १४३०.४५ | २१६२.६६ | १११११५.९५ | ०.०९५ |
| फागुन | ७९७७.५३ | १४७६.०९ | ३०६७.८८ | १२५२१.४९ | ०.१०७ |
| चैत | १०५३७.७६ | १७७०.४३ | १०२८.५४ | १३३३६.७४ | ०.११४ |
| वैशाख | ६७१३.११ | १७६५.४१ | २८७७.७७ | ११३५६.२९ | ०.०९७ |
| जम्मा | ८१४६५.५५ | ११३८४.९२ | २४५०१.५४ | ११७३५२.०१ | १.००० |

महालेखा नियन्त्रक कार्यालय, २०८३